स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव
# जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यतिबेला अभिनेता पल शाहलाई दौडधुप र धपेडी निकै छ। किनकि, एकातिर उनी अभिनीत फिल्म 'मोहर' यही शुक्रबारबाट प्रदर्शनमा आउँदैछ भने अर्कोतिर आफ्नो निर्माण तथा अभिनय रहने फिल्म 'यानीमाया'को ढोरपाटनमा कार्यशाला चलिरहेको छ। यसैले उनलाई समय मिलाउन ठूलो सकस परेको छ। केही दिनयता भने उनले 'मोहर'को प्रचारमा पर्याप्त समय दिइरहेका छन्।

**आजको विचार...**



मेघनाथ दाहाल

वित्तीय...
*(दुई पेजमा)*



गत वर्षको सफल फिल्म 'खुस्मा'का निर्देशक अशोक थापा मगर अब दोस्रो फिल्मको रुपमा 'जलाकी' निर्माण गर्दैछन्। गत चैत्रमा केही प्रतिशत छायांकन भइसकेको फिल्मको दोस्रो चरणको छायांकन आगामी असोज २१ गतेबाट सुरु गर्ने तयारी गरिएको छ। फिल्ममा 'खुस्मा'कै जोडी धीरज मगर र उपासना सिंह ठकुरी दोहोरिएका छन् भने सोनम तोप्देनको पनि मुख्य भूमिका रहनेछ।

❐ वर्ष ३१ ❐ अंक २० ❐ २०८२ साउन २० गते मंगलबार 5 August 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**सक्षिप्त समाचार**

## बाढीका कारण २९९ को मृत्यु

(रासस/एएनआई)

**इस्लामाबाद,** साउन १९/पाकिस्तानमा भारी वर्षा र बाढीका कारण १४० बालबालिकासहित कम्तीमा २९९ जनाको मृत्यु हुनुका साथै ७०० भन्दा बढी घाइते भएको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) ले जनाएको छ । एनडिएमएले जुन २६ मा सुरु भएको बर्षाले देशभरि विनाश निम्त्याएको जनाएको छ । मृतकमध्ये १०२ पुरुष, ५७ महिला र १४० बालबालिका रहेको तथा घाइतेहरुमा २३९ बालबालिका, २०४ महिला र २७२ पुरुष भएको पुष्टि गरेको छ । पाकिस्तानी पत्रिका डनका अनुसार मौसमी बर्षाले एक हजार ६७६ घरहरू पनि क्षतिग्रस्त भएका छन् । बाढीका कारण ४२८ वटा गाईवस्तुको मृत्यु भएको छ भने प्रभावित समुदायका लागि थप कठिनाइ निम्त्याएको छ । एनडिएमएले २२३ वटा उद्धार अभियान सञ्चालन गरेको र बाढी प्रभावित क्षेत्रबाट दुई हजार ८८० जनालाई सफलतापूर्वक उद्धार गरेको पुष्टि गरेको छ । यसबाहेक, अधिकारीहरूले लाइफ ज्याकेट, जनस्वास्थ्य किट, पाल र पानी तान्ने पम्पहरू आपूर्ति गरेका छन् ।

# स्वास्थ्यमन्त्री सारुको एक वर्ष : स्वास्थ्य क्षेत्रमा सुधारको आशा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन १९/लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेमबहादुर सारुको एकवर्षे कार्यकालमा केही सुधारका आशा देखिएका छन् । १८ साउन २०८१ मा मन्त्री नियुक्ति भएका सारुले सोमबार मन्त्रालयमा पत्रकार सम्मेलनमार्फत एकवर्षे कार्यकालको उपलब्धि सार्वजनिक गरे ।

उनले एक वर्षमा स्वास्थ्यमा सामान्यदेखि नीतिगत सुधारका काम गरी केही आशा जगाएका छन् । अस्पतालको सेवा सुधार विस्तारदेखि क्यान्सर, मुटु र मृगौला प्रत्यारोपण उपचारका लागि व्यवस्थित बनाउने प्रशस्त प्रयासको नतिजास्वरुप परिवर्तन देखिन थालेका छन् । यसबीचमा स्वास्थ्य क्षेत्रमा सुधारका लागि केही नीतिगत निर्णय गरेका छन् भने केही ऐन तथा कानुन आउने प्रक्रियामा छन् । मन्त्री सारुले एक वर्षको




कार्यकालमा प्रदेशको समग्र स्वास्थ्य क्षेत्रको सुशासन, जवाफदेहिता, पारदर्शिता र नागरिकलाई स्थानीय तहमै गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्य प्रमुख प्राथमिकता रहेको बताए । उनले यो लक्ष्य प्राप्तिका लागि विभिन्न नीतिगत र कार्यान्वयनगत पहलहरू गरिएको उल्लेख गरे । मन्त्रीले सारुले प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका कार्यान्वयनमा ल्याइएको छ । मन्त्रीले सारुले एक वर्षको अवधिमा अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली, २०८०-२०८१ संशोधन), प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका, २०७८ पहिलो संशोधन २०८१, सरकारी अस्पताल आवासगृह सञ्चालन निर्देशिका, २०८१, महिला, बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधार विशेष अनुदान संशोधन गरी क्यान्सर, मुटुको भल्व फेर्ने र मृगौला प्रत्यारोपण उपचारको सिफारिस लिन स्वास्थ्य निर्देशनालय भालुवाङ आउने बाध्यताको अन्त्य गरी जिल्लास्थित स्वास्थ्य कार्यालयमार्फत प्राप्त हुने व्यवस्था मिलाएका छन् । पाँच वर्षे लुम्बिनी प्रदेश मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना (२०८१-२०८६) मन्त्रिपरिषदबाट पारित गरि कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१, विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधी, २०८१, संक्रामक तथा नसर्ने रोग न्यूनिकरणमा स्वास्थ्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधी, २०८१, प्रादेशिक बायोमेडिकल कार्यशाला सञ्चालन कार्यविधि, २०८१ लगायतका केही नियमावली र निर्देशिका संशोधन गरेका छन् । *-बाँकी अन्तिम पेजमा...*

## बाढी र पहिरोबाट सचेत होऔं ।

**बाढी र पहिरो आउनु अघि:**

-स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
-खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
-घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
-आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, ( टर्चलाइट, खानेकुरा, लुगाफाटालगायत) तयार राखौं,
-जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिऔं ।

**बाढी र पहिरो आएमा:**

-अनावश्यक हिडडुल नगरौं,
-सुरक्षित स्थानतर्फ जाऔं,
-विजुलीका लाइन वा पोलहरूबाट टाढा रहौं,
-खोलानाला सुरक्षित तवरले पार गरौं,
-अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
-घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# विपद्मा उद्धारका लागि सशस्त्रको वेश क्याम्प

**गुल्मी,** साउन १९ /विपद्को समयमा उद्धारका लागि गुल्मीको चन्द्रकोटमा सशस्त्र प्रहरीको वेश स्थापना गरिएको छ । वर्षाको समयमा उत्पन्न हुनसक्ने बाढी र पहिरोलाई लक्षित गरी तत्काल उद्धार गर्ने उद्देश्यले चन्द्रकोट गाउँपालिका-८ मजुवामा वेश स्थापना गरिएको हो ।

जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयको निर्देशनमा सशस्त्र प्रहरी बल ३७ नं गुल्म गुल्मीद्वारा मजुवामा रहेको मानका टीकाराम बहुमुखी क्याम्पसमा मनसुन प्रतिकार्य वेश स्थापना गरिएको सशस्त्र प्रहरी नायब उपरीक्षक सुदीप पछाईले जानकारी दिए ।



सशस्त्र प्रहरी नायब निरीक्षक टोपबहादुर कुमालको कमाण्डमा २० जनाको टोली वेशमा खटिएको पछाईले बताए । सशस्त्रको वेशमा विपत् व्यवस्थापनसम्बन्धी तालिमप्राप्त जनशक्ति परिचालन गरिएको छ । प्रहरी नायब उपरीक्षक पछाईले गोताखोर परिचालन गर्नुपर्ने अवस्थामा तत्काल जनशक्ति आवश्यक परेको खण्डमा सशस्त्रको ५ नं विध्यबाहिनी मुख्यालयले पठाउने गरी समन्वय भएको बताए । जिल्ला सदरमुकामदेखि टाढा रहेको निर्वाचन क्षेत्र नं १ का बस्तीहरूमा हुने विपद्लाई केन्द्रमा राखेर वेश स्थापना गरिएको हो ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## मनसुनी वर्षा : सतर्क रहौं

हाल देशभर मनसुनी वायु सक्रिय रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । केही दिन यता देशभर सामान्य बदलीदेखि भारी वर्षा भइरहेको छ । लामो खडेरीका कारण धान रोपाइँ हुन नसकेका क्षेत्रका किसानलाई राहत मिले पनि निरन्तर भारी वर्षाका कारण ठाउँ ठाउँमा बाढी, पहिरोको जोखिम भने बढेको छ । लगातार पानी परिरहेकाले ठूला नदीसँगै स-साना खोला तथा खहरेमा बाढीको सम्भावना उच्च छ । मनसुन देशभरी नै सक्रिय भएकोले दुई/तीन दिन देशभरकै मौसम यस्तै रहने मौसमविद्ले बताएका छन् । केहीबेर मौसम खुलेजस्तो भए पनि फेरि झरी पर्ने गरेको छ । मुलुकको भौगोलिक बनावटअनुसार अत्याधिक र भारी बर्षाको मात्रा र प्रभाव फरक हुने गर्दछ । यस्तो बेला नदी तटीय क्षेत्र, भिरालो भू-भाग र सामान्य वर्षामा पनि डुवान हुने क्षेत्र आसपासमा सर्तकता अपनाउन आवश्यक छ । वर्षाका कारण चुरे र महाभारत क्षेत्र आसपास हुँदै बहने अधिकांश नदी र खहरेमा पानीको बहाव सतर्कता तहसम्म पुग्ने उच्च सम्भावना रहेकाले सर्तक रहनुपर्छ ।

बर्खाको मौसम भएकाले पनि मनसुन सक्रिय हुनु स्वाभाविक नै हो । यसलाई अन्यतथा लिनु हुँदैन । मौसमको गणितीय पूर्वानुमानको नक्साअनुसार देशका अधिकांश भूभागमा वर्षा भइरहेको छ । जसका कारण जनजीवनै अस्तव्यस्त पारेको, बाढी, पहिरो र डुबान भएका समाचारहरु आइरहेका छन् । हुन त यो कुनै नौलो होइन, वर्षेनी हुँदै आएको समस्या हो । मौसम पूर्वानुमान महाशाखाले अझै केही दिन निरन्तर पानी पर्ने भनेकाले पनि थप समस्या सिर्जना हुने अनुमान गर्न गाह्रो छैन । विपद् बाजा बजाएर आउँदैन । त्यसैले विपद् आउनु अघि नै पूर्व सतर्कता अपनाउन सकियो भने ठूलो क्षति हुन बाट बच्न सकिन्छ ।

### Opinion @ Social Network

सिक्नु, सुधार्नु र अगाडि बढ्नु नै सफलताको चाबी हो
गल्तिहरु लाइ पाठको रुपमा लिदै अघि बढ्नु नै जिवनको असली जित हो ।
*(रेखा थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Rekha.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वित्तीय क्षेत्र, घरजग्गा र नेपाली अर्थतन्त्र



**मेघनाथ दाहाल**

*नेपालीले विदेशमा कमाएको स-सानो रकम लगानीका लागि उपयुक्त अन्य अवसर नहुँदा व्यक्तिले मधेसका जग्गामा केही नाफाको लोभ एवं बसाइँसराइ दुबै उद्देश्यले लगानी गरेको पाइन्छ । यो यसरी बढ्यो कि एकातिर खेतमा श्रम गर्ने मानिस नहुनु साथमा सोही खेतका स-साना टुक्रामा घडेरीको रूपमा बिक्री गर्नसक्दा दोहोरो काम हुँदैजाँदा घरजग्गा व्यवसाय फष्टाएको हो । अन्त्यमा सरकारले घरजग्गालाई संगठित आर्थिक तथा व्यावसायिक कारोबारको रूपमा लिने हो भने कडा नियमनको साथमा पारदर्शिता एवं नीतिगत काममा कठोर बन्नुपर्नेछ ।*

वित्तीय क्षेत्रले समान्यतया सरकारको पूर्णत अधिनमा रहेको केन्द्रीय बैंक र यसअन्तर्गत सरकारी तथा निजी सबै क, ख, ग र घ वर्गका बैंकिङ तथा गैरबैंकिङ वित्तीय संस्थाको साथमा सहकारी एवं दूरदराजमा विद्यमान आमा समूहलगायत स-सानो कामका लागि संकलित रकमहरूको एकमुष्ट रूपलाई समेत जनाउँछ । तर, व्यापक अर्थमा यसले गैरबैंकिङ क्षेत्रहरू जस्तो जीवन बीमा, निर्जीवन बीमा, मुद्रा बजार, पुँजी बजारलगायत अन्तर्राष्ट्रिय वित्तीय संघसंस्थाहरूको योगदान र भरोसा सम्बन्धसमेत धेरै पक्ष समेटेको हुन्छ । कुनै समाजको आर्थिक तथा व्यावसायिकताका लागि वित्तीय क्षेत्रको समुचित विकास विस्तार नभई नहुने आधारभूत पक्ष हो । नेपाल जस्तो मुलुकको हकमा मात्र नभई अमेरिकी तथा युरोपेली एवं पूर्वी एशिया तथा पछिल्लो समय चिनियाँ मोडलको विकासका लागि वित्तीय क्षेत्रको महत्व बढेर गएको छ ।

नेपालले आठौं योजना सुरुवातसँगै २०४९/०५४ देखि अंगीकार गरेको खुला बजार नीति र यसअन्तर्गत विकासको हरेक तहतप्कामा निजी क्षेत्रको सहभागिता तथा स्रोतसाधन क्षमता र सीपको उपयोग गर्ने नीतिले वित्तीय संस्था खोल्ने विषयले प्रश्रय पाएको हो । हाल नेपालमा वाणिज्य बैंकहरूको संख्या २० विकास बैंकहरूको संख्या १६ वित्त कम्पनीहरूको संख्या १५ र लघुवित्तहरूको संख्या ५१ र तिनको कूल शाखाहरूको संख्या लगभग आठ हजारमाथि छ । ७५३ सबै स्थानीय निकायहरूमा बैंक तथा वित्तीय क्षेत्रको पहुँच पुगेको राष्ट्र बैंकको रिपोर्टले देखाएको छ । वित्तीय क्षेत्रले पुऱ्याउने कर्जा प्रवाहलगायत सेवा भने ठूला व्यवसायीहरूमा केन्द्रित हुन जाँदा साना, मध्यम एवं सीमान्तीकृत ऋणीहरूको हकमा न्यायोचित हुन नसकेको कुरा नयाँ गभर्नरले सार्वजनिक समारोहरमा व्यक्त गरिसक्नुभएको छ । वित्तीय क्षेत्रको विस्तार शहर केन्द्रित एवं शहरोन्मुख स्थानमा भएकाले ग्रामीण क्षेत्रमा बसोवास गर्ने बहुसंख्यकहरूको हकमा आजभोलि मुख्य ऋणप्रवाह गर्ने व्यक्ति साथीभाइ स्थानीय व्यापारी तथा साहुमहाजन नै रहेका छन् । एउटा परिवारका लागि एउटा सानो-ठूलो आफ्नै हैसियतको निजी स्वामित्वको घर, त्यसमा सटिएको वा बेग्लै भए पनि थोरै जग्गाजमिन आमनेपालीहरूको हकमा सांस्कृतिक रूपमा ऐतिहासिक समयदेखि घरको परिचयमा पर्ने विषय हो तर नाफाको विषय होइन । यतिको बन्दोबस्त हाम्रो परिवेशमा न्यूनतम् आवश्यकताभित्र पर्ने गरेको छ तर समयको परिवर्तनसँगै खासगरी शहरी क्षेत्रको विकास विस्तार र राजनीतिक रूपमा २०५२ सालपछि मुलुकभर चर्किएको माओवादी आतंकपछि जसरी मानिसहरू बसाइँसराइ गरे यसले घरजग्गा व्यवसायलाई एउटा उद्योगको रूपमा स्थापित गऱ्यो । तत्पश्चात् रियल स्टेटको विकास तथा विस्तारले यस क्षेत्रलाई बजारको एक मुख्य लगानी र नाफाको विषय बनाइएको छ । ठूलो स्तरमा बसाइँसराइ, नेपालीहरूको विदेशमाथिको सहज पहुँच, बढ्दो आम्दानीकोस्तर र सूचनाका कारण हिजोका धेरै मान्यता भत्किएर नयाँ बन्ने प्रक्रियामा छन् । जनगणना २०७८ अनुसार नेपालभर घरहरूको संख्या ७७ लाख ५२ हजार देखिएको छ भने भौगोलिक वितरण जनसंख्याकै आधारमा असमान किसिमको छ । यहाँ उल्लेख गरिएको घरहरूको संख्या मानवीय प्रयोजनका लागि मात्र नभएर पशुपालन एवं अन्य सबै घरायसी प्रयोजनका लागि हो । कोभिडपछिको नेपालको आर्थिक गतिविधिमा खासगरी यस क्षेत्रमा सुस्ती मडारिँदा ठूलोस्तरमा वित्तीय क्षेत्रले गरेको लगानी र भएको प्रतिफलमा आएको कमीले समग्र आर्थिक क्षेत्र प्रभावित बन्न पुगेको छ । यसका सकारात्मक मात्र नभएर नकारात्मक पक्ष पनि छन् । धेरथोर राज्यको ढिकुटीमा राजस्वको योगदान भएको छ, साथसाथै धेरै पक्षमा नकारात्मकता नभित्रिएको होइन । घरजग्गाको क्षेत्रलाई आजभोलि विश्व परिवेशमै उद्योगको रूमपा लिन थालिएको छ । यसले प्रयोग गर्ने सयौं किसिमका वस्तु तथा सेवाले अर्थतन्त्र चलायमान हुनुको साथै रोगजार सिर्जना र आयआर्जन, सरकारका लागि राजस्व परिचालन पनि स्रोतको रूपमा लिने गरिन्छ । नेपालमा मात्र नभएर विश्वका धनी मुलुकहरूमा त अझ प्रोत्साहन गरिएको पाइन्छ । उनीहरूको हकमा योजनाबद्ध एवं मुलुकको दीर्घकालीन हितमा आधारित छ भने हाम्रोमा थिति नमिलेको जस्तो हुन थालेको छ । घरजग्गा व्यवसायको पहिलो बेथिति भनेको नै तराई क्षेत्रका अति मलिला उब्जाउ भूमिमा अनियन्त्रित प्लटिङ हो । सरकारका लागि यसको स्वीकृति आवश्यकता कि बाध्यता भन्नेमा आर्थिक तथा गैरआर्थिक क्षेत्रका कसैले जवाफ दिन सकेका छैनन् । यदि सरकारको आवश्यकता हो भने व्यवस्थापकीय विषयमा कमजोरी जस्तो देखिन्छ । सरकारका लागि यस किसिमको बाध्यता राजस्व परिचालनका लागि हो तर यस क्षेत्रमा हुनेगरेका अधिकांश गतिविधि पारदर्शी हुनसकेका छैनन् । पारदर्शी नहुनासाथ आशातीत राजस्व परिचालनको अपेक्षा गर्न सकिँदैन । सरकारले कानुनत: एउटा व्यवस्था गर्न सकेमा सबैको हकहितमा जानसक्छ । होइन यसै लहैलहैमा हो भने हामीले आफ्नै खुट्टामा बञ्चरो हानिरहेका छौं । कृषिमा आधारित विभिन्न पेशा तथा व्यवसाय बहुसंख्यक साना किसानहरूको जीविकोपार्जनको मुख्य पेशा हो, चाहे व्यावसायिक होस् वा जीविकोपार्जनमात्र किन नहोस् । बितेका केही वर्षमा वैदेशिक रोजगारले आममानिसको आर्थिकभन्दा वित्तीय गल्जो टार्नमा सहयोग गरेको छ तर दीर्घकालीन होइन । नेपाली समाजको दैनिकीबाट कृषिलाई निकालिदिने हो भने समाज बेथितितर्फ लम्कन्छ । घरजग्गामा काम गर्नेहरूले व्यावसायिक हिसाबमा नेपालीहरूले कृषि क्षेत्रलाई थेग्न नसकेकाले नै रियल स्टेटले स्थान पाएको भन्ने तर्क गरिरहेका छन् तर यस तर्कमा पूर्ण सहमत हुन सकिँदैन । उत्पादनका लागि आवश्यक श्रमलगायत वस्तुको मूल्य जुनस्तरमा बढ्यो सोही रूपमा कृषि उत्पादनको मूल्य बढाउन नसकिएकले किसान मारमा परेका हुन् । सधैंभरि यो अवस्था रहँदैन र राख्नु हुँदैन । पूर्वी, मध्य र पश्चिमी सबै तराईमा अत्यन्त उर्वर भूमिमा अनियन्त्रित रूपमा प्लटिङले प्रश्रय पाएको देखिन्छ । यही रतारमा काम निरन्तर भयो भने आउँदो दशकभित्र कृषियोग्य जमिन २५ प्रतिशतमा झर्नसक्छ । यस कामबाट कसले कति फाइदा लिइरहेका छन् सचेत हुनुपर्दछ । वित्तीय क्षेत्रमा हाल देखापरेको खराब कर्जाको मुख्यकारण घरजग्गा क्षेत्रमा आएको सुस्ती हो । कोभिडपछि मुलुकभित्र भएको उत्पादन तथा व्यापारको चेन कमजोर भयो । व्यवसायीहरूले विकल्पको रूपमा घरजग्गामा लगानी बढाए । यसलाई भरथेग आन्तरिक बसाइँसराइले गरेको थियो र हालसम्म गरिरहेको छ । तर, विस्तारै विभिन्न आन्तरिक कारणले क्षेत्रमा मन्दी छायो । यस क्षेत्रमा पनि बजारको समान्य माग तथा आपूर्तिको नियममा आधारित भएर चलिरहेको हुन्छ । मागमा आएको वृद्धिले स्वाभाविक मूल्य बढाउने भयो भने मागमा कमी आएको खण्डमा या त स्थिर रहने वा मूल्यमा कमी भएर जाने हुन्छ । हालको अवस्था भनेको काठमाडौंलगायत शहरी क्षेत्रमा कारोबार स्थिर छ । मधेसलगायत लुम्बिनी तथा पश्चिमी क्षेत्रमा मागमै कमी भएकाले मूल्यमै कमी छ । विदेश जाने युवायुवतीहरूको संख्यामा अत्याधिक वृद्धिले जनसंख्याको संरचनामै परिवर्तन भएको छ भने घरजग्गाको आवश्यकतामा व्यक्तिले निकैपटक सोच्न थालेको अवस्था छ । यदि खाडी मुलुकहरूले पनि स्थायी बसोवासको कानुनी व्यवस्था गरिदिने हो भने अझ कमी आउने देखिन्छ । अमेरिका, क्यानडा, अष्ट्रेलियालगायत धेरै युरोपियन मुलुकमा वैदेशिक रोजगार तथा अध्ययनको सिलसिलामा पुगेका नेपालीहरूले विप्रेषणमा खासै योगदान नदेखिएको, उनीहरूले भएसम्म उतै स्थायी बसोवासका लागि कोसिस गर्नेगरेको पाइन्छ । यस क्षेत्रमा जोडिएको अर्को पक्ष भनेको मूल्यको पनि हो । काठमाडौं उपत्यकाको काँठ क्षेत्रको बसोवास गर्न मिल्ने जग्गाहरूमा चारआना जग्गा र एकतले घरको मूल्यले दुई करोड सजिलै नाघ्ने गरेको छ । अब विदेशमा १२/१४ घण्टा घोटिएर कमाएको पैसाले घरमात्र बनाएर त जीवन चल्दैन । यसले मागमा कमी आइरहेको छ । यसै पनि दुई करोड कमाउन सजिलो कहिँ छैन । तराईको हकमा भने आज केही सहजता छ तर मध्य तराईको चितवन, बुटवल, भैरहवा, पूर्वको इटहरी, विराटनगर, दमक, बिर्तामोड जस्ता स्थानमा मूल्य निकैमाथि भएकाले अवस्था बिस्तारै बिग्रँदो छ ।

नेपालीले विदेशमा कमाएको स-सानो रकम लगानीका लागि उपयुक्त अन्य अवसर नहुँदा व्यक्तिले मधेसका जग्गामा केही नाफाको लोभ एवं बसाइँसराइ दुबै उद्देश्यले लगानी गरेको पाइन्छ । यो यसरी बढ्यो कि एकातिर खेतमा श्रम गर्ने मानिस नहुनु साथमा सोही खेतका स-साना टुक्रामा घडेरीको रूपमा बिक्री गर्नसक्दा दोहोरो काम हुँदैजाँदा घरजग्गा व्यवसाय फष्टाएको हो । यसले दोहोरो रूपमा राज्य फस्दै गएको छ । एकातिर खाद्य सुरक्षा र पोषणका लागि आवश्यक कृषि उत्पादनमा निरन्तर अरूमाथि निर्भर हुनुपरिरहेको छ भने थोरै अंकको राजस्व, केही व्यक्ति तथा समूहहरूको निहित स्वार्थले समग्र आर्थिक परवेश नै बिग्रँदो छ । अन्त्यमा सरकारले घरजग्गालाई संगठित आर्थिक तथा व्यावसायिक कारोबारको रूपमा लिने हो भने कडा नियमनको साथमा पारदर्शिता एवं नीतिगत काममा कठोर बन्नुपर्नेछ । तराईका सुनसरी, मोरङ, झापा जस्ता जिल्लामा सबै जग्गा आवासीयमात्र बनाउँदै जाने हो भने भोलि भारतले चामल निर्यातमा कडाइ गरेकाखण्डमा के गर्ने भन्नेमा सोच्नुपर्ने हुन्छ । अहिले वित्तीय क्षेत्रमा गैरबैंकिङ सम्पत्तिको रूपमा जग्गाहरू थुप्रिँदा वाणिज्य एवं विकास बैंकहरूको टाउको दु:खाइको विषय बनेको छ । थोरै राजस्वमा रमाउनुभन्दा दीर्घकालीन ठोस योजना र उपयुक्त कानुनी व्यवस्थासहित जानसक्नु आजको अपरिहार्यता हो ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : स्वास्थ्यलाई लिएर सावधान रहनुहोला। लक्षमा पुगनको लागि निकै संघर्ष गर्नुपर्ला। | **तुला** : सोचेको कार्य सम्पादन गर्न सकिनेछ। लेखन कलामा पनि निखार आउनेछ। |
| **वृष** : दाम्पत्य जीवनमा प्रेम र आत्मीयता बढ्नेछ। दिन रमाइलो रहनेछ। | **वृश्चिक** : सहयोगीहरूले सहयोग गर्नेछन्। कमजोरीलाई सुधार गर्ने समय रहेको छ। |
| **मिथुन** : उपहारले मनमा उत्साह जाग्नेछ। दिगो लाभ हुने कार्य प्रारम्भ गर्न सकिनेछ। | **धनु** : आकास्मिक कामले खर्च बढाउन सक्नेछ। साथीभाइसँग सम्पर्क बढ्नेछ। |
| **कर्कट** : बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। विद्यार्थीहरूलाई गुरुजनहरुकोसहयोग मिल्नेछ। | **मकर** : लगानी बढाउन सकिनेछ। अड्केको रकम उठाउने समय रहेको छ। |
| **सिंह** : प्रतिबद्धता पूरा गर्न नसक्लान्। घरेलु कामकाजमा धेरै समय बित्नेछ। | **कुम्भ** : युवाहरूलाई करियरलाई लिएर विशेष अवसर प्राप्त हुनेछ । |
| **कन्या** : दिगो काम हात लाग्नेछ। प्रयत्न गर्दा ठूलो कार्यसम्पादन गर्न सकिनेछ। | **मीन** : अरुको सहयोगार्थ जुट्नुपर्ने समय छ। धर्मकर्म वा आध्यात्मतर्फ मन लाग्नेछ। |

## विज्ञान/सूचना प्रविधि

# के अन्तरिक्षमा बच्चा जन्माउन र हुर्काउन सकिन्छ ?



एलन मस्कको कम्पनी स्पेस एक्सलगायतले मंगल ग्रहमा मानिस पठाउने योजनामा काम गरिरहेका छन् । योसँगै मंगल मिसनसँग सम्बन्धित विभिन्न सवालहरु पनि बढिरहेका छन् । मंगल ग्रहमा जान-आउनका लागि यतिधेरै लामो समय लाग्दछ कि त्यहाँ जाने महिला अन्तरिक्षयात्रीहरू गर्भवती भएर बच्चाको जन्म दिउन्जेलसम्म अन्तरिक्षयात्रामा रहनुपर्ने हुनसक्छ । यस्तो अवस्थामा के अन्तरिक्षमा गर्भावस्था सुरक्षित हुन्छ ? अन्तरिक्षमा बच्चा जन्माउन सम्भव हुन्छ ? अनि त्यहाँ जन्मिने बच्चामा के असर पर्दछ ? भन्ने लगायतका प्रश्न उठ्नु स्वभाविक छ । यी सवालहरु सुन्नमा अनौठा लाग्न सक्दछन् । तर वैज्ञानिकहरुले यही प्रश्नको जवाफ खोजिरहेका छन् । आखिर अन्तरिक्षमा बच्चा जन्माउनुका जोखिम के कस्ता हुन्छन् अनि त्यो कसरी सम्भव हुनसक्छ ?

**गर्भावस्था : पृथ्वी र अन्तरिक्षसम्म**
हामीमध्ये धेरैले आफू जन्मनुभन्दा अगाडि कतिधेरै जोखिमबाट गुज्रियौं भन्ने कुरा सोंचेका हुँदैनौं । तथ्यांक अनुसार गर्भाधान भएका मानव भ्रूणमध्ये करिब दुई तिहाई अर्थात् ६६ प्रतिशत गर्भमै खेर जान्छन्, त्यो पनि केही हप्ताभित्रै र स्वयं गर्भवती महिलालाई नै जानकारी नभइकन । भ्रूण राम्रोसँग नबन्दा तथा पाठेघरको भित्तामा राम्रोसँग नटाँसिएमा यसरी सहजै गर्भ खेर जान्छ । गर्भावस्थालाई एक श्रृंखलाको रुपमा बुझ्न सकिन्छ । जसमा हरेक चरणहरु सही क्रममा तथा सफलतापूर्वक पूरा हुनु आवश्यक रहन्छ ।

पृथ्वीमा डाक्टर तथा वैज्ञानिकहरुले यसको सम्भावनाको आँकलन गर्न सक्दछन् । तर अन्तरिक्षमा गर्भावस्थाका ती चरणहरु कत्तिको सुरक्षित हुन्छन् भन्ने कुरा बताउन गाह्रो छ । अन्तरिक्षमा सुक्ष्म गुरुत्वाकर्षण (माइक्रो ग्रेभिटी) का कारणले शरीरको सन्तुलन नै बिग्रिने हुनाले गर्दा गर्भाधारण गर्नु केही कठिन हुन्छ । तर एकपटक गर्भाशयमा भ्रूण टाँसिएपछि गर्भको भ्रूणलाई कायम राख्न खासै समस्या हुँदैन । गर्भाधारण र गर्भ हुर्काउन अन्तरिक्षमा तुलनात्मक रुपमा सहज हुने भएपनि बच्चा जन्माउन र त्यसको हेरचाह गर्ने कुरा निकै नै कठीन हुन्छ । अन्तरिक्षमा गुरुत्वाकर्षण हुँदैन । त्यसैले त्यहाँ तरल पदार्थ पनि तैरिन्छ र मानिसपनि तैरिनु पर्दछ । जसले गर्दा बच्चा पाउने तथा हुर्काउने काम पृथ्वीको तुलनामा अन्तरिक्षमा निकै अस्वस्थ र जटिल हुनसक्छ ।

**गर्भमा सूक्ष्म गुरुत्वाकर्षणको असर :**
अनौठो त के भने पृथ्वीमा समेत भ्रूण पहिलेदेखि नै सूक्ष्म गुरुत्वाकर्षणको जस्तै स्थितिमा रहन्छ । गर्भमा रहँदा भ्रूण एम्नियोटिक तरल पदार्थमा तैरिन्छ, जसले भ्रूणलाई हलुका र सुरक्षित राख्दछ । अन्तरिक्षयात्रीहरुलाई पानीको ट्यांकीमा तालीम सोही कारणले दिइएको हुन्छ ताकि उनीहरुले तौलविहीनताको अनुभव गर्न सकुन् । त्यसैले गर्भ पनि एक प्रकारको माइक्रोग्रेभिटीकै प्रतिरुप हो । तर गुरुत्वाकर्षण केवल एक पहलु हो । वास्तविक खतरा चाहीँ अरु नै छन् ।

***अन्तरिक्षमा सुक्ष्म गुरुत्वाकर्षण (माइक्रो ग्रेभिटी) का कारणले शरीरको सन्तुलन नै बिग्रिने हुनाले गर्दा गर्भाधारण गर्नु केही कठिन हुन्छ । तर एकपटक गर्भाशयमा भ्रूण टाँसिएपछि गर्भको भ्रूणलाई कायम राख्न खासै समस्या हुँदैन । गर्भाधारण र गर्भ हुर्काउन अन्तरिक्षमा तुलनात्मक रुपमा सहज हुने भएपनि बच्चा जन्माउन र त्यसको हेरचाह गर्ने कुरा निकै नै कठीन हुन्छ । अन्तरिक्षमा गुरुत्वाकर्षण हुँदैन । त्यसैले त्यहाँ तरल पदार्थ पनि तैरिन्छ र मानिसपनि तैरिनु पर्दछ । जसले गर्दा बच्चा पाउने तथा हुर्काउने काम पृथ्वीको तुलनामा अन्तरिक्षमा निकै अस्वस्थ र जटिल हुनसक्छ । गर्भमा सूक्ष्म गुरुत्वाकर्षणको असर : अनौठो त के भने पृथ्वीमा समेत भ्रूण पहिलेदेखि नै सूक्ष्म गुरुत्वाकर्षणको जस्तै स्थितिमा रहन्छ ।***

**विकिरण : अन्तरिक्षको ठूलो खतरा**
पृथ्वीभन्दा बाहिर सबैभन्दा खतरनाक चिज भनेको कस्मिक किरणहरू हुन् । यी उच्च ऊर्जायुक्त कण हुन्, जो करिब प्रकाशकै गतिमा अन्तरिक्षमा दौडिन्छन् । यी त्यस्ता परमाणु हुन् जसको इलेक्ट्रोन निस्किएर गएको हुन्छ र केवल प्रोटोन तथा न्युट्रोनको घना हिस्सामात्रै बाँकी रहेको हुन्छ । जब यी मानव शरीरसँग ठोक्किन्छन्, तब कोशिकाहरुमा असर पुग्दछ । पृथ्वीमा यसको मोटो वायुमण्डलीय पत्र तथा चुम्बकीय क्षेत्रले हामीलाई यस्ता विकिरणयुक्त कस्मिक किरणबाट बचाउँछ । तर अन्तरिक्षमा भने यस्तो सुरक्षा हुँदैन । जब यी विकिरणहरु हाम्रो शरीरको सम्पर्कमा आउँछन् तब परमाणुहरुसँग ठक्कर खाई इलेक्ट्रोन निकाल्न सक्छन् अनि कोशिकाहरुमा क्षति पुग्दछ । यदि यी विकिरण डिएनएसँग ठक्कर खाएमा क्यान्सरको खतरा पनि बढ्दछ । गर्भावस्थाको सुरुका हप्ताहरुमा भ्रूणका कोशिकाहरू तीव्र गतिमा बढ्दछन् । त्यसबेला एउटा कस्मिक किरणको प्रत्यक्ष सम्पर्कले भ्रूणलाई मार्न सक्दछ । यदि त्यस्तो भएमा गर्भ तुहिन सक्छ, जुन पत्ता पनि नलाग्न सक्छ ।

**गर्भावस्थामा विकिरणको जोखिम :** जब गर्भको भ्रूणको वृद्धि हुन्छ, तब जोखिमको प्रकारमा पनि परिवर्तन आउँछ । पहिलो तीन महिनापछि सालनाल अर्थात् प्लासेन्टा बन्दछ जसले आमा र बच्चाको बीचमा रक्तप्रवाह सुरु गर्दछ । त्यसपछि बच्चा र र गर्भाशय तीव्र गतिमा बढ्छ । यदि कस्मिक किरण गर्भाशयको मांसपेशीसँग ठोक्किएमा यसले संकुचन पैदा गर्नसक्छ । जसका कारण समय नपुग्दै बच्चा जन्मिने हुनसक्छ, जसलाई प्रिमेच्योर डेलिभरी भनिन्छ । पृथ्वीमा पनि गर्भावस्था तथा प्रसवका जोखिम हुन्छन् । तर अन्तरिक्षमा यी जोखिम अझै धेरै बढ्दछन् । तथापि अन्तरिक्षमा बच्चा जन्माउन पूर्ण रुपमा असम्भव हुन्छ भन्ने होइन ।

**जन्मपछिको विकास :** अन्तरिक्षमा जन्मिएपछि पनि बच्चा सुक्ष्म गुरुत्वाकर्षणमा बढ्नेछ, जसले बच्चाको शारीरिक विकासमा असर पार्नसक्छ । टाउको उठाउने, बस्ने, घुमफिर गर्ने, घुम्ने जस्ता मानवीय स्वचालित क्रियाकलापहरु गुरुत्वाकर्षणमा निर्भर हुन्छन् । अन्तरीक्षमा तल-माथिको अनुभव नहुने हुनाले पृथ्वीमा विकसित हुने त्यस्ता सीपहरु फरक तरिकाले विकसित हुनसक्छन् र नहुन सक्छन् । बच्चा जन्मिसकेपछि पनि विकिरणको खतरा समाप्त हुँदैन । बच्चाको मस्तिष्क जन्मपछि पनि वृद्धि हुन्छ । लामो समयसम्म कस्मिक विकिरणको सम्पर्कमा रहनाले मस्तिष्कमा असर पर्नसक्छ । यसबाट स्मरण शक्ति, व्यवहार तथा दीर्घकालीन स्वास्थ्यमा असर पर्नसक्छ ।

**के अन्तरिक्षमा बच्चा जन्मिन सक्छ ?**
सिद्धान्तत: यसलाई नकार्न सकिँदैन । तर, अहिलेसम्म मानव जाति त्यसका लागि तयार भैसकेको छैन । जबसम्म हामीले भ्रूणलाई विकिरणबाट जोगाउन सक्दैनौं र अवधि नपुग्दैको प्रसव रोक्न सक्दैनौं तबसम्म अन्तरिक्षमा गर्भाधारण निकै जटिल हुन्छ । सूक्ष्म गुरुत्वाकर्षमा बच्चाको सुरक्षित विकास सुनिश्चित हुन सक्दैन । त्यसैले अन्तरीक्षमा गर्भावस्था एक जोखिमयुक्त प्रयोगको रुपमा रहनेछ । ***-अनलाइन खबर डटकम***

# ‘फ्रि वाईफाई’मा प्राधिकरणले किन लगायो आँखा ?




नेपाल दूरसञ्चार प्राधिकरणले केही दिनअघि इन्टरनेट सेवा प्रदायक (आईएसपी)हरूका लागि लक्षित गर्दै एउटा सूचना जारी गर्‍यो । उक्त सूचना इन्टरनेट सेवा प्रदायकले ‘वाईफाई हटस्पट’का नाममा मोबिलिटी सेवा प्रदान गरिएको आशंकासहित यसलाई रोक्ने हिसाबले आएको थियो । प्राधिकरणको निर्देशनमा आईएसपीलाई ‘वाईफाई हटस्पट सञ्चालन सम्बन्धी विनियमावली, २०७५’ तथा ‘रेडियो फ्रिक्वेन्सी नीति, २०८०’ को व्यवस्थालाई सम्झाइएको छ । साथै त्यसविपरीत काम गरेको पाइए कारबाही गर्ने चेतावनी समेत दिइएको छ । प्राधिकरणले इन्टरनेट सेवा प्रदायक ( आईएसपी) र आधारभूत दूरसञ्चार सेवा वा मोबाइल टेलिफोन सेवा वा आधारभूत टेलिफोन सेवा प्रदायकलाई दुई तरिकाले विभाजन गर्ने गरेको छ । पहिलो, मोबाइल सेवा सञ्चालनको अनुमति र दोस्रो, सिमलेस कनेक्टिभिटी, रोमिङ वा मोबिलिटी सेवा प्रदान गर्न सकिने व्यवस्था । मोबाइल सेवा प्रदायकले माथि उल्लेखित सबै सेवा प्रदान गर्न पाउँछन् । इन्टरनेट सेवा प्रदायकलाई यो अनुमति दिइएको हुँदैन । यहाँ मोबिलिटी भनेको एक ठाउँबाट अर्को ठाउँसम्म जाँदा सेवा प्रवाहको कुरा हो । सिमलेस कनेक्टिभिटी एउटा ठाउँबाट अर्को ठाउँमा जाँदा पनि कनेक्सनलाई कायम गर्ने प्रविधि हो र, रोमिङ भनेको एउटा कम्पनीको नेटवर्कको नभएको ठाउँमा अर्को नेटवर्क प्रयोग गर्न पाउने व्यवस्था हो । रोमिङ, मोबिलिटी तथा सिमलेस कनेक्सनलाई उदाहरणबाट हेरौँ । हामीले कुनै मोबाइलमा डाटा सेवा वा लिन्छौँ भने त्यो सेवा सम्बन्धित सेवाप्रदायक वा त्यससँग सम्झौता भएका अरु नेटवर्कमा रहँदासम्म सजिलै चल्छ । यसरी डाटा चलाउँदै एउटा ठाउँबाट अर्को ठाउँमा पुग्यौं भने पनि डाटा निरन्तर चल्छ । टेलिफोनको हकमा पनि त्यस्तै हुन्छ । हामी विदेश जाँदा समेत मोबाइल फोनमा कुरा गर्न सक्ने हुनुको कारण यही हो । तर, इन्टरनेट सेवा प्रदायकलाई यो सुविधा हुँदैन । अर्थात्, हामीले घरमा वाईफाईमार्फत इन्टरनेट चलाएका छौं भने नयाँ ठाउँमा पुगेपछि कनेक्सन टुट्छ र फेरि नयाँ नेटवर्क र पासवर्डका आधारमा कनेक्ट गर्नुपर्छ । यही सेवा सञ्चालनको लाइसेन्सका लागि मोबाइल सेवा प्रदायकले अर्बौं रुपैयाँ शुल्क तिरेका हुन्छन् । इन्टरनेट सेवा प्रदायकको वार्षिक लाइसेन्स शुल्क दर लाखमा मात्रै हुन्छ, तर वाईफाई हटस्पटसम्बन्धी विनियमावलीले इन्टरनेट सेवा प्रदायकले पनि प्राधिकरणसँग अनुमति लिएर कुनै सार्वजनिक स्थानमा राखिएको राउटरबाट तोकिएको क्षेत्रमा वाईफाई हटस्पट उपलब्ध गराउन सक्ने व्यवस्था छ । यही व्यवस्था बमोजिम केही सेवाप्रदायकले यस्तो सेवा नि:शुल्क रूपमा दिँदै आएका छन् । कुनै पार्क, अस्पताल, मन्दिर लगायत क्षेत्रमा सेवाप्रदायकले नि:शुल्क हटस्पट सञ्चालन गर्नु यसैको उदाहरण हो, तर यसका लागि पनि केही शर्त तोकिएको छ । यस्तो हटस्पटको क्षेत्रफल तोकिएको भन्दा धेरै हुन पाउँदैन साथै त्यसमा कनेक्ट हुने डिभाइसमा निश्चित युजरनेम र पासवर्डका आधारमा एक पटकमा निश्चित अवधि (सामान्यतया आधा घण्टा) मात्रै कनेक्सन हुनुपर्छ । त्यो समय सकिएपछि स्वत: कनेक्सन बन्द हुनुपर्ने व्यवस्था छ । तर, यसरी सार्वजनिक स्थानमा वाईफाई हटस्पट सञ्चालन गर्ने सेवाप्रदायकले यसलाई व्यावसायिक रूपमा प्रयोग गर्दै मोबिलिटी/सीमलेस सर्भिसजस्तै सेवा दिने गरेको बुझाइ प्राधिकरण तथा मोबाइल सेवा प्रदायकको छ । अर्थात्, आफ्नो क्लाइन्टलाई त्यस्ता हटस्पट क्षेत्रमा स्वत: कनेक्ट हुने व्यवस्था गरेको र यसले मोबाइल सेवा प्रदायकको व्यवसायमा गम्भीर धक्का लागेको उनीहरूको बुझाइ छ । नेपाल दूरसञ्चार प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्याल प्राधिकरणले जारी गरेको सूचना नयाँ व्यवस्था नभए पनि पुरानै व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्न दिइएको निर्देशन भएको बताउँछन । ‘हामीले मोबाइल सेवा प्रदायक र इन्टरनेट सेवा प्रदायकलाई लाइसेन्स दिँदा नै फरक-फरक सर्त र शुल्क तोकेका हुन्छौँ, त्यही सर्त र शुल्क अनुसार काम गर्नु सबैको दायित्व हो । हामीले त्यसलाई पालना गर्नुस् भनेका हौँ,’ उनले भने । यसले कसैलाई संरक्षण गर्ने नभएर नियमको पालना गराउने प्राधिकरणको उद्देश्य भएको उनको तर्क छ । नेपाल टेलिकमका सहप्रवक्ता नवीन कुमार मिश्र, इन्टरनेट सेवाप्रदायक कम्पनीले नै मोबिलिटी जस्तै सेवा प्रदान गरेपछि यसले टेलिकम कम्पनीको व्यवसायमा असर परेको अवस्था रहेको बताउँछन् । यसलाई कडाइ गरिँदा आफूहरूलाई दीर्घकालमा सकारात्मक प्रभाव पार्ने उनको भनाइ छ । ‘यसले तत्कालै त धेरै प्रभाव नपर्न सक्छ, दीर्घकालमा भने राम्रो हुन्छ,’ मिश्रले भने । यद्यपि यति नै विजिनेस बढ्छ भनेर भन्न सकिने अवस्था नरहेको उनको भनाइ छ ।

**के भन्छन् इन्टरनेट सेवाप्रदायक ?**
प्राधिकरणको यो निर्देशनको विषयमा अहिलेसम्म इन्टरनेट सेवा प्रदायक संघ (इस्पान) लगायत कुनै पनि सेवा प्रदायकले आधिकारिक रूपमा मुख खोलेका छैनन् । यद्यपि संघका अध्यक्ष सुधीर पराजुली भने यो विषयलाई ‘ग्रे एरियाबाट ‘ब्ल्याक एरिया’मा पुर्‍याइएको रूपमा बुझ्छन् । ‘पहिले गर्न पाइन्छ कि पाइँदैन भन्ने केही थिएन, अहिले पाइँदैन भन्ने भयो, फरक त्यही हो, तर पहिले लगानी गरिसकेकालाई यसले असर गर्न सक्छ,’ पराजुलीले भने । इस्पानकै प्रमुख कार्यकारी निर्देशक सुवास खड्काको भनाइ पनि त्यस्तै छ । यद्यपि यसबारे संघले आधिकारिक रूपमा धारणा तय नभइसकेको उनको भनाइ छ ।

त्यसो त, अहिले वाईफाई हटस्पट सञ्चालन गर्ने कम्पनीको संख्या धेरै छैन । सेवाप्रदायक कम्पनी वर्ल्डलिंकले देशका विभिन्न स्थानमा यो सेवा उपलब्ध गराउँदै आएको छ । क्षेत्रीयस्तर वा निश्चित जिल्लामा सञ्चालित सेवा प्रदायकले आफ्नै क्षेत्रको केही स्थानमा यस्तो सेवा उपलब्ध गराउँदै आएको हुनसक्ने इस्पानको भनाइ छ । यो निर्देशनको असर तिनै सेवाप्रदायकलाई पर्नसक्ने अवस्था देखिन्छ । वर्ल्डलिंकले भने यो निर्देशनले आफूलाई कुनै असर नगर्ने जनाएको छ । आफूहरूले कानुन र विनियमावलीको अधीनमा रहेर सेवा सञ्चालन गरिरहेको र मोबिलिटी लगायत कुनै सेवा नरहेका कारण यसले कुनै असर नगर्ने कम्पनीको भनाइ छ । सामाजिक उत्तरदायित्वको रूपमा नि:शुल्क रूपमा सेवा दिइरहेको भन्दै वर्ल्डलिंकले यो सेवा सुचारु रहने र यो व्यवसायसँग सम्बन्धित नरहेको समेत प्रस्ट पारेको छ ।

**के के हुनसक्छ असर ?**
यो व्यवस्था कडाइका साथ लागु गर्ने हो भने यसले यस्तो सुविधा पाएका आईएसपीहरूका ग्राहकले अतिरिक्त खर्चभार व्यहोर्नुपर्छ । यसले यस्ता आईएसपीको व्यवसायमा अप्रत्यक्ष रूपमा धक्का पुग्नसक्ने देखिन्छ । उता त्यसरी कनेक्टिभिटी टुट्दा ग्राहकले मोबाइल डाटा उपयोग गर्न सक्छन् । यसले उनीहरूको व्यवसाय बढ्नसक्ने सरोकारवाला बताउँछन । यस्तो व्यवसाय बढ्दा सरकारलाई पनि फाइदा छ । यसरी व्यवसाय बढ्दा सरकारले दूरसञ्चार सेवा शुल्कदेखि भ्याटसम्म पाउने र सेवाप्रदायक कम्पनीको आय बढ्दा आयकरसमेत पाउने देखिन्छ, जुन अहिले गुमाइरहेको सरकारको बुझाइ छ ।

***-रातोपाटी डटकम***

# बहुविवाह गर्न पाउने कानुनको मस्यौदाप्रति आपत्ति



**पाल्पा,** साउन १९/सरकारले बहुविवाहको अनुमति दिने कानुनको मस्यौदा तयार गरेपछि चौतर्फी आलोचना सुरु भएको छ । सोमबारको प्रतिनिधिसभाको बैठकमा बोल्ने अधिकांस सांसदहरुले बहुविवाहलाई निश्चित परिस्थितिमा कानुनी मान्यता दिने मस्यौदा लेखेको भन्दै आपत्ति जनाएका हुन् ।

बैठकको आकस्मिक समयमा सांसदहरुले बहुविवाहसम्बन्धी सम्भावित कानुनी मस्यौदालाई लिएर सरकारको जवाफ माग गरे । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले बहुविवाहलाई कानुनी मान्यता दिने गरी विधेयकको मस्यौदा तयार गरिरहेको भन्ने सार्वजनिक चर्चा र सञ्चारमाध्यममा आएका समाचारप्रति सांसदहरूले आपत्ति जनाएका हुन् । नेकपा (माओवादी केन्द्र)की सांसद दुर्गा राईले सरकारले बहुविवाहलाई निश्चित परिस्थितिमा कानुनी मान्यता दिने मस्यौदा लेखेको भन्दै आपत्ति जनाएकी छन् । सांसद सुनिता बरालले बहुविवाह गैरकानुनी भएको र यसलाई मान्यता दिने कुनै पनि प्रयासलाई अस्वीकार्य ठहर गर्दै संसद्मा सरकारको स्पष्ट जवाफ माग गरिन् । "समाजमा महिलाहिंसाको दर उच्च छ । यस्तो संवेदनशील विषयमा कानुन निर्माणको प्रक्रिया गम्भीर र जिम्मेवार ढङ्गले हुनुपर्छ", उनले भनिन । सांसद रुपा सो.शी (चौधरी)ले पनि यो विषयको सत्यताका बारेमा प्रश्न उठाउँदै भनिन, "महिलाहरू आज पनि आफ्नो अधिकारका लागि सैर्षरत छन्, त्यही बेला बहुविवाहलाई वैधानिकता दिने विषय आउनु गम्भीर विषय हो ।" सांसद रमा कोइराला पौड्यालले पनि बहुविवाहसम्बन्धी कानुनी मस्यौदा संसद्मा नआइपुग्दै सामाजिक सञ्जाल र सञ्चारमाध्यममा यसको चर्चा हुनु आफैँमा चिन्ताको विषय भएको बताइन । उनले विषयको संवेदनशीलतालाई ध्यानमा राख्दै मन्त्रालयले स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने आवश्यकता औँल्याइन । विधेयकको मस्यौदामा विवाहित पुरुषलाई दोस्रो विवाह गर्न अनुमति दिने लगायत व्यवस्था राखिएको छ । सरकारले लैङ्गिक असमानता र महिला हिंसालाई प्रोत्साहन दिने गरी कानुन निर्माण गर्न लागेको भन्दै यसको चौतर्फी आलोचना भइरहेको छ ।

## स्वास्थ्यमन्त्री सारुको...

...यस्तै लुम्बिनी प्रादेशिक अस्पतालमा १० वटा काउण्टरबाट अनलाईन टिकेटिङ्ग, डिजिटल भूक्तानी, अटोमेटिक रिपोर्ट डिस्प्याच सेवा, ९० शैयाको मेडिकल वार्ड विस्तार, रक्तसञ्चार बैंक, प्रसूति सेवाको क्षमता ३३ प्रतिशत थप विस्तार, एमआरआइ खरीद लगायतका सेवा विस्तार गरिएको छ । यसैगरी स्वास्थ्य बीमा तथा जनस्वास्थ्य सेवा विस्तार अन्तर्गत ३ हजार ८ सय ५१ जना बिरामीलाई विशेष आर्थिक सुविधा प्रदान, १ लाख ४ हजारभन्दा बढी नागरिकको नसर्ने रोग स्क्रिनिङ गरिएको छ । ३९ हजारभन्दा बढी ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा प्रदान गर्नुको साथै ६९ हजारभन्दा बढी गर्भवती महिलाले संस्थागत प्रसूति सेवा लिएका छन् । मन्त्रालय मातहतका २ हजार ६४ कर्मचारीलाई स्वास्थ्य बीमामा आवद्ध गराइएको छ र ९ जिल्लामा मृगौलाको डायलाइसिस सेवा विस्तार गरिएको छ । रिक्त प्राविधिक दरबन्दीमा करार सेवामार्फत जनशक्ति भर्ना गरी सेवा विस्तार, प्रदेशका १२ वटै जिल्लामा पूर्ण खोप सुनिश्चितता कायम, ३० स्थानीय तहलाई संस्थागत प्रसूति सेवायुक्त पालिका घोषणा, महिला, बालबालिका तथा किशोरी लक्षित पोषण सुधार कार्यक्रम सबै जिल्लामा सञ्चालन, बिजौरी आयुर्वेद चिकित्सालयबाट सुरु गरिएको स्वर्ण बिन्दु प्रसाशन सेवा विस्तारका लागि मानव कार्यविधि बनाई सबै जिल्लामा विस्तारको तयारी भइरहेको समेत मन्त्री सारुले जानकारी दिए । अर्घाखाँची, पाल्पा र बाँके जिल्लामा फेमिली हेल्थ प्रोफाईल तयार गरि २ लाख २४ हजार ४ सय ४१ परिवारका ९ लाख १३ हजार ७० जनाको विवरण अपडेट गरी फेमिली हेल्थ प्रोफाइल तयार पारिएको छ भने आगामी आर्थिक वर्षमा नवलपरासी, रूपन्देही, कपिलवस्तु र दाङ जिल्लामा विस्तार गर्ने गरी तयारी गरिएको मन्त्री सारुले बताए । मन्त्री सारुले आर्थिक वर्ष २०८१/८२ मा स्वास्थ्य मन्त्रालयको वित्तिय प्रगति ८६ दशमलव ५१ प्रतिशत पुऱ्याएका छन् । जुन प्रदेश मन्त्रालयहरू मध्ये सबै भन्दा बढी हो ।

## विपद्मा उद्धारका...

...बाढी र पहिरोको उच्च जोखिममा रहेका मुसीकोट, गुल्मीदरबार, छत्रकोट, रुरुक्षेत्र, सत्यवती, चन्द्रकोटलगायत बडिगाड खोला किनारका बस्तीहरूमा तत्काल उद्धारको लागि सशस्त्रको वेश उपयुक्त देखिएको सशस्त्र प्रहरी नायब उपरीक्षक पछाईले बताए । उनले अहिले पनि आफ्नो टोलीले कार्यक्षेत्रमा अवरुद्ध सडक सञ्चालनको लागि काम गरिरहेको बताए । जिल्ला प्रशासन कार्यालय गुल्मीका निमित्त प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरका अनुसार जिल्लामा तत्काल अवरुद्ध सडक सञ्चालन, बाढी र पहिरोको जोखिम स्थान पहिचान र सतर्कतालगायत कामका लागि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्रको टोलीलाई तैयारी अवस्थामा राखिएको छ । गुल्मीको जिल्ला विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२ अनुसार जिल्लाका २०० भन्दा धेरै ठाउँहरू बाढी र पहिरोको जोखिममा रहेका छन् । बर्सातको समयमा जिल्लामा यस पटक २२ हजार नागरिक प्रभावित हुने अनुमान जिल्ला विपद् व्यवस्थापन समिति गुल्मीले गरेको छ । *-रासस*

खेलकुद समाचार

## टी-२० क्रिकेट शृङ्खला पाकिस्तानले जित्यो



**काठमाडौं,** साउन १९/वेस्ट इन्डिज भ्रमणमा रहेको पाकिस्तानले तेश्रो तथा अन्तिम टी-२० खेलमा वेस्ट इन्डिजलाई हराएको छर योसँगै पाकिस्तानले तीन खेलको टी-२० शृङ्ख्ला २-१ ले जित्योर पाकिस्तानले वेस्ट इन्डिजलाई १३ रनले हराएको होर पाकिस्तानले दिएको एक सय ९० रनको लक्ष्य पछ्याएको वेस्ट इन्डिजले छ विकेट गुमाएर एक सय ७६ रन मात्रै बनाउन सक्योर वेस्ट इन्डिजका एलिक एथेनाजे ६० र शेर्फेन रदरफोर्डले ५१ रन बनाएर पाकिस्तानका हसन अली, मोहम्मद नवाज, हरिस रउफ, साइम अयुब र सुफियान मुकीमले समान एक विकेट लिएर त्यसअघि लाउडरहिलमा टस जितेर ब्याटिङ गरेको पाकिस्तानले चार विकेट गुमाएर एक सय ८९ रन बनाएको थियोर पाकिस्तानका साहिबजादा फरहान ७४ र सैम अयुबले ६६ रन बनाएर वेस्ट इन्डिजका जेसन होल्डर, रोस्टन चेस र शमर जोसेफले समान एक विकेट लिएर वेस्ट इन्डिज र पाकिस्तानबीच तीन खेलको एकदिवसीय श्रृंखला आउँदो शुक्रवार अर्थात् अगस्ट ९ तारिखदेखि शुरु हुनेछ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा दोहोरो अङ्कको सुधार



**पाल्पा,** साउन १९/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको सुधार देखिएको छ । नेप्से सोमबार १६ दशमलव ४६ अङ्कले बढेर दुई हजार ८ सय ७५ दशमलव ३६ को बिन्दुमा कायम भएको हो । यो शून्य दशमलव ५७ प्रतिशतको सुधार हो ।

अघिल्ला तीन कारोबार दिन लगातार घटेको नेप्से साताको दोस्रो दिन सम्हालिएको छ । गत मंगलबार ३ हजार २ अंकसम्म पुगेको बजार लगातार तीन कारोबार दिन कुल १ सय ४४ अंक घट्दै आइतबार २ हजार ८ सय ५८ मा झरेको थियो । सोमबार कारोबारका क्रममा बजार केही उतारचढावमा रह्यो । दिउँसो १ : १२ बजे न्यूनतम २ हजार ८ सय ३३ अंकसम्म बजार झऱ्यो भने २ : ३४ बजे अधिकतम २ हजार ८ सय ८९ अंकसम्म पुग्यो । तीन दिनपछि बढेको बजारमा कारोबार रकम घटेको छ । अघिल्लो दिन १३ अर्ब ७ करोडको कारोबार भएकोमा दोस्रो दिन १० अर्ब ८२ करोडको भयो । १ सय ४० कम्पनीको मूल्य बढ्दा १ सय १० को घट्यो । सोही अवधिमा बैंकिङ १ दशमलव ६६ प्रतिशत बढ्यो । त्यस्तै जीवन बीमा ० दशमलव ५०, माइक्रोफाइनान्स ० दशमलव ६२, व्यापार २ दशमलव ८९ हाइड्रोपावर ० दशमलव २५ प्रतिशत बढे । होटल तथा पर्यटन ० दशमलव ३४, विकास बैंक ० दशमलव ०६, अन्य ० दशमलव ४५, उत्पादन तथा प्रशोधन ० दशमलव १२, निर्जीवन बीमा ० दशमलव ५१ तथा फाइनान्स ० दशमलव ८२ प्रतिशत घटे । थ्रिस्टार हाइड्रोपावरको ६ दशमलव ८९, मोलुङ हाइड्रोपावरको ५ दशमलव ४९, सिक्लेस हाइड्रोपावरको ५दशमलव ७, स्वेतगंगा हाइड्रोपावरको ४ दशमलव ८२ तथा सगरमाथा जलविद्युत् कम्पनीको ४ दशमलव ३८ प्रतिशत मूल्य बढ्यो । अघिल्लो दिनसम्म १० प्रतिशत मूल्य बढेको ट्रेड टावर आज १० प्रतिशत घट्यो । त्यस्तै नेपाल फाइनान्सको ३ दशमलव ४८, रिभर फल्स पावरको ३ दशमलव ४४ तथा सप्तकोशी विकास बैंकको ३ दशमलव०२ प्रतिशत मूल्य घट्यो । धेरै कारोबार भएका पाँच कम्पनीमा हिमालयन रिइन्स्योरेन्स, शिवम् सिमेन्ट, हिमालयन डिस्टिलरी, ङादी ग्रुप पावर र नेपाल पुनर्बीमा क्रमश: अगाडि रहे ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई